# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
# आ.व.२०७४/७५ को वार्षिक प्रतिवेदन

१. नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागले नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने र सो को व्यवस्थापन गर्ने कार्य गरिआएको छ । त्यसैगरी मौद्रिक अधिकारीको रुपमा रहेको नेपाल राष्ट्र बैंकद्वारा जारी गरिने मौद्रिक नीति कार्यान्वयन गर्ने कार्य अन्तर्गत विभिन्न मौद्रिक उपकरणहरु प्रयोग गरी बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्ने कार्य समेत यस विभागबाट हुने गरेको छ । यसका साथै छोटो अवधिको तरलता व्यवस्थापनका लागि तोकिएका ऋणपत्र (विकास ऋणपत्र, ट्रेजरी बिल, नेपाल राष्ट्र बैंक ऋणपत्र) को धितोमा स्थायी तरलता सुविधा प्रदान गर्ने कार्य समेत विभागले गर्दछ । यस विभागले राष्ट्रऋण ऐन, २०५९, राष्ट्रऋण नियमावली, २०५९ (दोस्रो संशोधन), ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१, राष्ट्रऋण व्यवस्थापन मार्गदर्शन, २०७४ र नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली,२०७१ का साथै अन्य विनियमावली तथा कार्यविधि अनुरुप नेपाल सरकारको आन्तरिक ऋण तथा तरलता व्यवस्थापनको कार्य गर्दै आइरहेको छ ।

### आन्तरिक ऋण व्यवस्थापन

२. नेपाल सरकारको प्रत्येक आर्थिक वर्षको बजेटमा व्यवस्था भए बमोजिमको आन्तरिक ऋण उठाउन राष्ट्रऋण उठाउने ऐन, २०५९ पारित भएपश्चात् नेपाल सरकारबाट स्वीकृत वार्षिक आन्तरिक ऋण निष्कासन तालिका र बोलकबोल तालिका बमोजिम यस विभागबाट आन्तरिक ऋण परिचालन गरिदै आएको छ ।

३. नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने प्रयोजनार्थ नेपाल राष्ट्र बैंकले हाल ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र, राष्ट्रिय बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको निष्कासन गर्दै आएको छ ।

### ट्रेजरी बिल्स

४. आर्थिक वर्ष २०७४/७५ मा रु.११ अर्बको २८ दिने, रु. १२ अर्ब ५२ करोडको ९१ दिने, रु. १४ अर्ब ९ करोडको १८२ दिने तथा रु. ३४ अर्ब ३५ करोडको ३६४ दिने गरी कुल रु.७१ अर्ब ९६ करोडको ट्रेजरी बिल जारी भयो । त्यसैगरी, विगतमा निष्कासन भई २०७५ असार मसान्तसम्ममा भुक्तानी हुन बाँकी रु. ३२५ अर्ब ७६ करोको ट्रेजरी बिलको भुक्तानी अवधि अनुसार पटक-पटक गरी नविकरण गर्ने कार्य समेत सम्पन्न भयो भने समिक्षा अवधिमा रु.३७ अर्ब ५२ करोडको ट्रेजरी बिल नेपाल सरकारबाट भुक्तानी भएको छ ।

### विकास ऋणपत्र

५. आर्थिक वर्ष २०७४/७५ मा रु. ७२ अर्बको विकास ऋणपत्र जारी गरियो । डच बोलकबोल विधिबाट निर्धारित ब्याजदरको आधारमा विकास ऋणपत्र निष्कासन गर्ने पद्धति अनुरुप उक्त अवधिमा मा ५-वर्षे अवधिको दुई पटक गरी रु. १० अर्ब, ७-वर्षे अवधिको २ पटक गरी रु.८ अर्ब १४ करोड, ८-वर्षे अवधिको २ पटक गरी रु.१३ अर्ब ८६ करोड, १०-वर्षे अवधिको दुई पटक गरी रु. १० अर्ब, ११-वर्षे अवधिको दुई पटक गरी रु. १० अर्ब, १२, १३ र १५-वर्षे अवधिको एक एक पटक गरी रु. ५-५ अर्ब, गरी जम्मा चौध पटक गरी जम्मा रु.७२ अर्बको विकास ऋणपत्र निष्कासन गरिएको थियो । उक्त विकास ऋणपत्रहरुको ब्याजदर ५-वर्षे अवधिको २.९९ प्रतिशत र ५.४५ प्रतिशत, ७-वर्षे अवधिको ५.०० प्रतिशत र , ५.८८ प्रतिशत, ८-वर्षे अवधिको ६.०० प्रतिशत र ६.२० प्रतिशत, १०-वर्षे अवधिको ३.८३ प्रतिशत र ५.१५ प्रतिशत, ११-वर्षे अवधिको ५.१८ प्रतिशत र ६.४८ प्रतिशत, १२-वर्षे अवधिको ४.३२ प्रतिशत र ४.९९ प्रतिशत, १३-वर्षे अवधिको ५.१२ प्रतिशत, र १५-वर्षे अवधिको ४.९९ प्रतिशत कायम हुन आएको थियो । आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा भुक्तानी हुन बाँकी विकास ऋणपत्र रु. २३५ अर्ब ९० करोड रहेको छ । भुक्तानी हुन बाँकी विकास ऋणपत्रको भुक्तानी अवधि ५ वर्षदेखि १५ वर्षसम्म रहेको छ ।

**नागरिक बचतपत्र/राष्ट्रिय बचतपत्र/वैदेशिक रोजगार बचतपत्र**

६. आर्थिक वर्ष २०७४/७५ को आन्तरिक ऋण निष्कासन तालिका अनुसार रु. ६ अर्ब बराबरको नागरिक बचतपत्र निष्कासन गर्न दुई पटक बिक्री खुला गरिएकोमा रु. ७५ करोड १० लाख ७० हजार बिक्री भएको छ। आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्म भुक्तानी हुन बाँकी नागरिक बचतपत्र रु. ८ अर्ब ७१ करोड ६३ लाख रहेको छ।

७. आर्थिक वर्ष २०७४/७५ मा राष्ट्रिय बचतपत्रको नयाँ निष्कासन गरिएन भने उक्त आर्थिक वर्षको अन्त्यसम्म रु.९० करोड ६५ लाखको राष्ट्रिय बचतपत्र भुक्तानी हुन बाँकी रहेको छ।

८. आर्थिक वर्ष २०७४/७५ को आन्तरिक ऋण निष्कासन तालिका अनुसार विभिन्न मितिमा ५-वर्षे अवधिको १० प्रतिशत ब्याजदर (कुपन दर) को रु. १ अर्बको वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न बिक्री खुला गरिएकोमा तीन पटकमा कुल रु. ४ करोड ११ लाख ८० हजार बिक्री भएको छ। सो आर्थिक वर्षको अन्त्यसम्म रु. ५२ करोड ८० लाखको वैदेशिक रोजगार बचतपत्र भुक्तानी हुन बाँकी छ भने समिक्षा अवधिमा वैदेशिक रोजगार बचतपत्रको साँवा रु. ४ करोड २८ लाख ७५ हजार नेपाल सरकारबाट भुक्तानी भएको छ।

**खुद आन्तरिक ऋण निष्कासन**

९. आर्थिक वर्ष २०७४/७५ मा विविध उपकरण मार्फत रु. १४४ अर्ब ७५ करोड ९ लाख बराबरको कुल आन्तरिक ऋण उठाइयो भने भुक्तानी रु. ३७ अर्ब ५६ करोड २९ लाख हुन गयो। उठाएको भन्दा भुक्तानी कम हुन गएकोले आर्थिक वर्ष २०७४/७५ मा खुद आन्तरिक ऋण निष्कासन रु. १०७ अर्ब १८ करोड ८१ लाखले धनात्मक रहन गयो।

**तालिका १**
**खुद आन्तरिक ऋण निष्कासन**

(रु. करोडमा)

| विवरण | ऋण निष्काशन | | | कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात | | |
|---|---|---|---|---|---|---|
| | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| **(क)कुल निष्काशन** | **८७७७.४५** | **८८३३.७८** | **१४४७५.०९** | ३.९० | ३.४० | ४.८१ |
| ट्रेजरी बिल्स | २०५०.०० | ३३००.०० | ७१९५.८७ | ०.९१ | १.२७ | २.३९ |
| विकास ऋणपत्र | ६२००.०० | ५५००.०० | ७२००.०० | २.७६ | २.१२ | २.३९ |
| राष्ट्रिय बचतपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| नागरिक बचतपत्र | ५००.०० | २८.५७ | ७५.११ | ०.२२ | ०.०१ | ०.०२ |
| वैदेशिक रोजगार बचतपत्र | २७.४५ | ५.२१ | ४.१२ | ०.०१ | ०.०० | ०.०० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **(ख)कुल भुक्तानी** | **५०४०.२४** | **३८७८.५१** | **३७५६.२९** | २.२४ | १.४९ | १.२५ |
| ट्रेजरी बिल्स | २४२९.९० | ३८६४.९९ | ३७५२.०० | १.०८ | १.४९ | १.२५ |
| विकास ऋणपत्र | १०१७.०० | ०.०० | ०.०० | ०.४५ | ०.०० | ०.०० |
| राष्ट्रिय बचतपत्र | १५६८.०० | ०.०० | ०.०० | ०.७० | ०.०० | ०.०० |
| नागरिक बचतपत्र | २५.०० | १२.६६ | ०.०० | ०.०१ | ०.०० | ०.०० |
| वैदेशिक रोजगार बचतपत्र | ०.३४ | ०.८७ | ४.२९ | ०.०० | ०.०० | ०.०० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **(ग)खुद निष्काशन** | **३७३७.२१** | **४९५५.२७** | **१०७१८.८१** | १.६६ | १.९१ | ३.५६ |
| ट्रेजरी बिल्स | -३७९.९० | -५६४.९९ | ३४४३.८७ | -०.१७ | -०.२२ | १.१५ |
| विकास ऋणपत्र | ५१८३.०० | ५५००.०० | ७२००.०० | २.३० | २.१२ | २.३९ |
| राष्ट्रिय बचतपत्र | -१५६८.०० | ०.०० | ०.०० | -०.७० | ०.०० | ०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नागरिक बचतपत्र | ४७५.०० | १५.९१ | ७५.११ | ०.२१ | ०.०१ | ०.०२ |
| वैदेशिक रोजगार बचतपत्र | २७.११ | ४.३४ | -०.१७ | ०.०१ | ०.०० | ०.०० |
| विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **(घ) तिर्न बाँकी कुल आन्तरिक ऋण** | २३४१५.७९ | २८३७१.०६ | ३९०८९.८७ | १०.४१ | १०.९२ | १३.०० |
| **(ङ)कुल गार्हस्थ्य उत्पादन** | २२४८६९.१० | २५९९२३.४० | ३००७२४.६० | | | |

## भुक्तानी गर्न बाँकी नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व

१०. नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व आर्थिक वर्ष २०७३/७४ मा रु. २८३ अर्ब ७१ करोड ६ लाख रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा रु. ३९० अर्ब ८९ करोड ८७ लाख रहेको छ । नेपाल सरकारले समिक्षा अवधिमा ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रमार्फत् उठाइएको रकम सोही अवधिमा भुक्तानी भएको रकमभन्दा बढी रहेकोले यी बचतपत्रको परिमाण गत वर्षको तुलनामा बढेको छ । गत आर्थिक वर्षमा राष्ट्रिय बचतपत्र निष्कासन नगरिएको तथा भुक्तानी पनि नभएको हुँदा सो बचतपत्रको परिमाण रु. ९० करोड ६५ लाख यथावत रहेको छ ।

**तालिका २**
**नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व**

**(रु. करोडमा)**

| सि.नं. | ऋणपत्रको किसिम | आ.व.२०७२/७३ | | आ.व.२०७३/७४ | | आ.व.२०७४/७५ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | ७३/७४ | ७४/७५ |
| १. | ट्रेजरी बिल्स | ११६०५.९१ | ४९.५६ | ११०४०.९३ | ३८.९२ | १४४८४.७९ | ३७.०६ | -४.८७ | ३१.१९ |
| २. | विकास ऋणपत्र | १०८९०.०० | ४६.५१ | १६३९०.०० | ५७.७७ | २३५९०.०० | ६०.३५ | ५०.५१ | ४३.९३ |
| ३. | राष्ट्रिय बचतपत्र | ९०.६५ | ०.३९ | ९०.६५ | ०.३२ | ९०.६५ | ०.२३ | ०.०० | ०.०० |
| ४. | नागरिक बचतपत्र | ७८०.६२ | ३.३३ | ७९६.५३ | २.८१ | ८७१.६३ | २.२३ | २.०४ | ९.४३ |
| ५. | वैदेशिक रोजगार बचतपत्र | ४८.६२ | ०.२१ | ५२.९६ | ०.१९ | ५२.८० | ०.१४ | ८.९३ | -०.३० |
| ६. | विशेष ऋणपत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | २३४१५.८० | १००.०० | २८३७१.०७ | १००.०० | ३९०८९.८७ | १००.०० | | |

## नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्र

११. अधिविकर्ष रकमको सेक्युरिटाइजेशन गर्दा, खुला बजार कारोबार अन्तर्गत सोझै खरिद बोलकबोल गर्दा, बैंक तथा वित्तीय संस्थाले लिएको स्थायी तरलता सुविधाको भुक्तानी गर्न नसक्ने अवस्थामा नेपाल राष्ट्र बैंकले दोस्रो बजारबाट धितो राखिएको ऋणपत्र खरिद गरेमा र बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको ऋणपत्र नेपाल राष्ट्र बैंकलाई बिक्री गरेमा वा खरिद गर्न अनुरोध गरेमा नागरिक/राष्ट्रिय/वैदेशिक रोजगार बचतपत्र, विकास ऋणपत्र र ट्रेजरी बिल नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने हुन्छ । आर्थिक वर्ष २०७४/७५ मा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रमध्ये विकास ऋणपत्रको अंश अन्य बचतपत्रको भन्दा उच्च रहेको छ ।

**तालिका ३**

**नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण**

**(रु. करोडमा)**

| सि.नं. | ऋणपत्रको किसिम | आ.व.२०७२/७३ | | आ.व.२०७३/७४ | | आ.व.२०७४/७५ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | ७३/७४ | ७४/७५ |
| १. | ट्रेजरी बिल्स | १६०९.९९ | ९८.१२ | ३०४५.७४ | ७२.७५ | २६११.९९ | ३५.०२ | ८९.१८ | -१४.२४ |
| २. | विकास ऋणपत्र | ०.०० | ०.०० | ८९४.२ | २१.३६ | ४५२८.७० | ६०.७२ | ८९४.२० | ४०६.४५ |
| ३. | राष्ट्रिय बचतपत्र | ०.१३ | ०.०१ | १८.२४ | ०.४४ | २६.२२ | ०.३५ | १३९३०.७७ | ४३.७५ |
| ४. | नागरिक बचतपत्र | ३०.७६ | १.८७ | २२७.४७ | ५.४३ | २९०.७५ | ३.९० | ६३९.५० | २७.८२ |
| ५. | वैदेशिक रोजगार बचतपत्र | ०.००१ | ०.०० | १.०० | ०.०२ | १.०९ | ०.०१ | ९९९००.०० | ९.०० |
| **जम्मा** | | १६४०.८८ | १००.०० | ४१८६.६५ | १००.०० | ७४५८.७५ | १००.०० | | |

## सरकारी ऋणपत्रको बिक्री प्रवर्द्धनात्मक कार्यक्रम

१२. सरकारी ऋणपत्रको कारोबारलाई थप प्रभावकारी बनाउनको निमित्त बजार निर्माताका काठमाडौं उपत्यका स्थित केन्द्रीय तथा शाखा कार्यालयका कर्मचारीहरुको सहभागितामा सरकारी ऋणपत्रहरुको प्राथमिक तथा दोस्रो बजार कारोबार सम्बन्धी एकवटा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. सरकारी ऋणपत्रको कारोबारलाई उपत्यका बाहिर समेत विस्तार गर्ने उद्देश्यले राष्ट्रऋण व्यवस्थापन विभागको आयोजनामा उपत्यका बाहिर केन्द्रीय कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरुको सहभागितामा पोखरा र विराटनगरमा एकदिने राष्ट्रऋण तथा मौद्रिक व्यवस्थापनका उपकरणहरु र अनलाइन बोलकबोल प्रणाली विषयक अनुशिक्षण गोष्ठी संचालन गरिएको छ ।

१४. वैदेशिक रोजगार बचतपत्रको बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले उपत्यका भित्र रहेका बिक्री एजेण्टका प्रतिनिधिहरुको सहभागितामा वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार सम्बन्धमा एक दिने अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको छ ।

१५. मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक वा गैर-आवासीय नेपालीले विदेशमा आर्जन गरेको रकम लगानी गर्न प्रोत्साहित गर्ने तथा वैधानिक माध्यमबाट विदेशी मुद्रा भित्र्याउने प्रमुख उद्देश्य सहित निष्कासन गरिदै आएको वैदेशिक रोजगार बचतपत्रको बिक्री कम हुनका कारणहरु पहिचान गरि यसको बिक्री प्रबर्द्धनका केही उपायहरु समेत समेटिएको एक प्रतिवेदन तयार गरिएको छ ।

## तरलता व्यवस्थापन

१६. नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को अधिनमा रही बैंकिङ प्रणालीमा विद्यमान तरलताको स्थितिका आधारमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णय बमोजिम आवश्यकता अनुसारका उपकरणहरु (रिपो, रिभर्स रिपो, आउटराईट सेल, आउटराईट पर्चेज, निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र) प्रयोग गरी बैंकिङ प्रणालीको तरलताको व्यवस्थापन गर्ने गरिएको छ ।

१७. आर्थिक वर्ष २०७४/७५ मा बैंकिङ प्रणालीमा देखिएको तरलताको उतार चढावलाई सम्बोधन गर्नका लागि खुला बजार कारोबारका विभिन्न उपकरणहरु प्रयोगमा ल्याइएको छ । यसै आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भएको ब्याजदर करिडोर सम्बन्धी व्यवस्थालाई सम्बोधन गर्नको निमित्त **"ब्याजदर करिडोर सम्बन्धी कार्यविधि, २०७४"** तयार गरी २०७४ मंसिर १ गतेदेखि कार्यान्वयनमा ल्याइएको छ ।

१८. चालु आर्थिक वर्षको मौद्रिक नीतिमा नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ को विनियम १७ बमोजिम प्रदान गरिँदै आएको स्थायी तरलता सुविधा (Standing Liquidity Facility-

SLF) प्रदान गर्ने अवधिलाई अधिकतम सात कार्यदिन कायम गरिए बमोजिम स्थायी तरलता सम्बन्धी कार्यविधि, २०७३ संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ ।

१९. आर्थिक वर्ष २०७४/७५ मा रिभर्स रिपो मार्फत रु.८४ अर्ब ७५ करोड, नियमित प्रकारको निक्षेप संकलन मार्फत रु.५५ अर्ब ९० करोड तथा ब्याजदर करिडोर अन्तर्गतको १४ दिने निक्षेप संकलन मार्फत रु.४५ अर्ब ५५ करोड गरी कुल रु. १९५ अर्ब (टर्न ओभरको आधारमा) तरलता प्रशोचन गरिएको छ ।

२०. यसैगरी सोही अवधिमा ब्याजदर करिडोर अन्तर्गतको १४ दिने रिपो मार्फत रु.६९ अर्ब ७२ करोड तथा सोझै खरिद मार्फत रु.३७ अर्ब ६२ करोड गरी कुल रु.१०७ अर्ब ३४ करोडको तरलता प्रवाह गरिएको छ ।

२१. आर्थिक वर्ष २०७४/७५ मा छोटो अवधिको तरलता व्यवस्थापन गर्ने उद्देश्यले सरकारी ऋणपत्र (ट्रेजरी बिल र विकास ऋणपत्र) तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा मागकर्ता बैंक तथा वित्तीय संस्थालाई अधिकतम ७ कार्य दिनको लागि ७ प्रतिशत ब्याजदर (बैंकदर) मा ३२ पटक गरी रु. ३८ अर्ब ३३ करोड (टर्नओभरको आधारमा) स्थायी तरलता सुविधा प्रदान भएको छ ।